# त्रिभुवन विश्वविद्यालय
## व्यवस्थापन संकाय, डीनको कार्यालय
## कीर्तिपुर ।

**एम.वि.एस. (MBS) /एम.पि.ए. (MPA) कार्यक्रम (सेमेष्टर प्रणाली) को प्रवेश परीक्षा-२०७९ सम्बन्धि**

**अत्यन्त जरुरी सूचना**

प्रकाशन मिति २०७९/०९/०९

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय अन्तर्गतको सेमेष्टर प्रणालीमा आधारित Master of Business Studies (MBS) तथा Master of Public Administration (MPA) कार्यक्रम सञ्चालन भएका सम्पूर्ण क्याम्पस / कलेजहरुमा शैक्षिक वर्ष २०७८/०७९ मा विद्यार्थी भर्ना कार्यक्रम देहाय अनुसार सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| आवेदन फारम बुझाउने मिति | : | २०७९ पौष ११ गते देखि २०७९ माघ ०९ गते सम्म |
| दोब्बर शुल्क सहित आवेदन फारम वितरण तथा संकलन | : | २०७९ माघ १० गते देखि २०७९ माघ १५ गते सम्म |
| प्रवेश परीक्षा | : | २०७९ माघ २१ गते, शनिबार |
| प्रवेश परीक्षा समय | : | विहान ८:०० बजे |
| विद्यार्थीको भर्ना हुने अन्तिम मिति | : | २०७९ फाल्गुन ०८ गते सम्म |
| कक्षा संचालन | : | २०७९ फाल्गुन १० गते देखि |

- प्रवेश परीक्षामा Verbal Ability, Quantitative Ability, Business and Economics र General Awareness विधाबाट २५ / २५ Multiple Choice Question सोधिनेछ ।
- स्नातक तहको अन्तिम परीक्षामा सामेल भई नतिजा प्रकाशन हुन बाँकी परीक्षार्थीहरुले पनि प्रवेश परीक्षामा सम्मिलित हुन आवेदन फाराम भर्न सक्नेछन् । प्रवेश परीक्षामा उत्तिर्ण भई भर्ना हुँदा उत्तिर्ण भएको लब्धाङ्क पत्र अनिवार्य पेश गर्नुपर्ने छ ।
- आवेदन फारम यस संकायको **वेवसाइट www.tudoms.org** अनलाइन मार्फत भर्नु पर्नेछ । सो सम्बन्धी **Link www. fomecd. edu.np** बाट समेत उपलब्ध हुनेछ ।
- विद्यार्थीले आवेदन फारम बापत बुझाउनु पर्ने शुल्क आफूले चाहेको क्याम्पस/कलेजमा बुझाउनु पर्ने छ । उक्त शुल्क बुझाएको रसिद Online फारम बुझाउँदा अपलोड गर्नुपर्ने छ ।
- सम्बन्धित क्याम्पस/कलेजले उक्त फारमको विवरण र सो वापत बुझाउनु पर्ने शुल्क उक्त क्याम्पसबाट फारम भरेका विद्यार्थी संख्याका आधारमा एकमुष्ट रुपमा व्यवस्थापन संकाय, डीनको कार्यालयको ने.बै.लि.खाता नं. ०४५००१०००९९०६६००००१ मा बुझाई उक्त भौचर मिति २०७९ माघ १३ गते साँझ ४ बजे भित्र र दोब्बर शुल्क सहितको आवदेनको हकमा २०७९ माघ १८ गते साँझ ५ बजे भित्र www.tudoms.org मा अपलोड गर्नुपर्ने छ ।
- परीक्षार्थीले आवेदन फारम बापत रु १५००।- (एक हजार पाँच सय) दस्तुर बुझाउनु पर्ने छ ।
- परीक्षा केन्द्र सम्बन्धी सूचना यस संकायको वेवसाइट **www.fomecd.edu.np / www.tudoms.org** मा पछि प्रकाशित गरिने छ ।

डीन